**नीति जेक्यु - विद्यार्थी शुल्क, जरिवाना र चार्जहरू**

कुनै विद्यालयमा भर्ना भएको स्थितिमा वा कुनै कक्षामा उपस्थित भएको स्थितिमा जसलाई डिस्ट्रिक्टको शैक्षिक कार्यक्रमको शैक्षिक भागका रूपमा लिइन्छ, विद्यार्थीहरूलाई कानुनले दिएको पढाइ शुल्क बाहेक कुनै पनि शैक्षणिक शुल्क चार्ज गरिनेछैन। यद्यपि गैरविपन्न विद्यार्थीहरूले भने यस नीतिले प्रदान गरेअनुसार पाठ्यपुस्तक शुल्कहरू, निशुल्क प्राप्त नहुने नष्ट हुने सामग्रीहरूको शुल्क र विविध शुल्कहरू तिर्नुपर्ने हुन्छ। सबै पाठ्यपुस्तक एवम् विविध शुल्कहरू बोर्डमा समावेश गरिनेछ र सोही कार्यका लागि प्रयोग गरिनेछ।

**पाठ्यपुस्तक र पुस्तकालय स्रोतहरू**

उन्नत स्थापना कोर्सहरूमा प्रयोग हुने बाहेकका सबै नष्ट नहुने पाठ्यपुस्तकहरू ऋणका आधारमा प्रदान गरिनेछन् र शैक्षिक सत्रको अन्त्यमा विद्यालयलाई फिर्ता गर्नुपर्नेछ। विद्यार्थीहरूले पाठ्यपुस्तकहरू र पुस्तकालय स्रोतहरू सामान्य क्षति बाहेक राम्रो स्थितिमा विद्यालयलाई फिर्ता गर्छन् भन्ने अपेक्षा राखिन्छ। विद्यार्थीहरूलाई हराएका, क्षति भएका र फाटेका (पुस्तकालयबाट बाहिरिएका समेत) पुस्तकहरू, सामग्रीहरू वा यन्त्रहरूका लागि मूल्याङ्कन गरिनेछ। विद्यार्थीहरूले व्यक्तिगत रूपमा स्वामित्व लिएका पाठ्यपुस्तकहरूको सीधा शुल्क विद्यालयलाई तिर्नुपर्ने हुनसक्छ। माध्यमिक विद्यालयहरूले ऐच्छिक कोर्सहरूको कार्य-पुस्तिकाका लागि विद्यार्थीहरूलाई सीधा शुल्क असुल्न सक्छन्। विद्यालयहरूले पाठ्यपुस्तक र पुस्तकालय पुस्तकहरू नफर्काउनेहरूका लागि युक्तिसङ्गत जरिवाना लगाउन सक्नेछ।

यदि विद्यालय डिस्ट्रिक्टले हराएका वा क्षति भएका पाठ्यपुस्तक वा पुस्तकालय स्रोतहरूको भुक्तानी लिन युक्तिसङ्गत प्रयास गरेको छ तर सबै मूल्याङ्कन गरिएका मूल्यहरू उठाएको छैन भने, डिस्ट्रिक्टले डिप्लोमा, ट्रान्सक्रिप्ट वा ग्रेडहरू ती विद्यार्थीका लागि रोक्का गर्न सक्नेछ जसले पाठ्यपुस्तक वा पुस्तकालय स्रोतहरू सेमेस्टर वा शैक्षिक सत्रको अन्त्यसम्ममा फिर्ता गरेका वा पुनसर्थापित गरेका छैनन। यदि विद्यार्थीले ग्र्याजुएसन/कन्टिन्युएसन गर्दैछ भने र सो मितिसम्म उसले पाठ्यपुस्तक वा पुस्तकालय स्रोतहरू फिर्ता गरेको वा पुनर्स्थापित गरेको छैन भने डिस्ट्रिक्टले सो विद्यार्थीलाई ग्र्याजुएसन/कन्टिन्युएसन समारोहमा सहभागिता जनाउने सुविधाबाट वञ्चित गर्न सक्नेछ।

विपन्न विद्यार्थीहरूले कुनै पनि हराएका वा क्षति भएका पाठ्यपुस्तकहरू वा पुस्तकालय स्रोतहरूका लागि शुल्क तिर्नुपर्ने छैन। आवश्यक शुल्क तिर्न नसकेको आधारमा कुनै विद्यार्थीलाई पाठ्यपुस्तक वा कार्य-पुस्तिका प्रयोगबाट बञ्चित गरिनुहुँदैन यदि सो कार्य शैक्षिक कार्यक्रमको वास्तविक शैक्षिक भाग पूरा गर्नका लागि आवश्यक छ।

**नष्ट हुने आपूर्तिहरूका लागि शुल्कहरू**

क्षेत्र सुपरिन्टेन्डेन्टको स्वीकृतिमा विद्यालयहरूले कोर्समा प्रयोग भएका नष्ट हुने आपूर्तिहरूका लागि शुल्क चार्ज गर्न सक्नेछ। नष्ट हुने आपूर्तिहरूको शुल्क विद्यार्थीहरूलाई ती आपूर्तिहरू प्रदान गर्दा लागेको वास्तविक शुल्कसँग सीधा सम्बन्धित हुनु पर्नेछ। यस्ता शुल्कहरू सामान्य अतिरिक्त मूल्य र स्टाफ विकासका लागि भनेर चार्ज गरिनु हुँदैन। विपन्न विद्यार्थीहरूका लागि यी शुल्कहरू छुट दिइनेछन्।

**विविध शुल्कहरू**

विद्यालयहरू शैक्षिक कार्यक्रमको शैक्षिक भाग अन्तर्गत नपरेका विद्यालय प्रायोजित क्रियाकलाप वा कार्यक्रममा सहभागिता वा उपस्थितिका लागि विविध शुल्क उठाउन अख्तियार प्राप्त छन्। त्यस्ता क्रियाकलापहरूमा विद्यार्थीको सहभागिता ऐच्छिक हुनुपर्नेछ। विद्यालय प्रायोजित क्रियाकलाप वा कार्यक्रममा उपस्थित भए, सहभागिता जनाए, वा सोका लागि सामग्री/पोसाक यन्त्रहरू प्रयोग गरे बापत विद्यार्थीहरूलाई विविध शुल्क र खर्चहरू तिर्न लगाउन सकिन्छ।

विद्यालयहरूले भाडा शुल्क त्यस्तो प्रयोगको वास्तविक (सीधा) मूल्यबाट नबढ्ने गरी गायन पोसाक, ब्यान्ड पोसाक र विद्यालय स्वामित्वमा भएका यन्त्रहरूको प्रयोगका लागि मूल्याङ्कन गर्न सक्नेछन्।

शिक्षकहरूले आवश्यक नमानेको वा ग्रेड निर्धारणका लागि आवश्यक नहुने क्रियाकलापमा विद्यार्थीको सहभागिता भएमा विद्यार्थीले क्रियाकलापको खर्च पुग्ने गरी शिक्षा बोर्डको अतिरिक्त कार्य बिना शुल्क तिर्नुपर्नेछ। त्यस्ता शुल्कहरूमा क्रियाकलाप भ्रमणका लागि भर्ना शुल्क, खाद्यान्न शुल्क र यातायात शुल्क सामेल हुन सक्छन् तर त्यतिमै सीमित हुँदैनन्। यद्यपि कुनै पनि विद्यार्थी धनको अभावमा कुनै पनि भ्रमण वा समृद्धिकरण क्रियाकलापमा सहभागिता जनाउनबाट छुट्नु नपरोस् भनेर निश्चित गर्न हरसम्भव प्रयास गर्ने शिक्षक वा प्रिन्सिपलको कर्तव्य हुनुपर्दछ।

**शुल्क मिनाहा**

विपन्न विद्यार्थीहरूका लागि शैक्षिक कार्यक्रमको शैक्षिक भाग अन्तर्गत चाहिने पाठ्यपुस्तकहरू, कार्यपुस्तिकाहरू र नष्ट हुने आपूर्तिहरूको सबै शुल्कहरू, जरिवानाहरू र चार्जहरू मिनाहा गरिनेछ। विद्यार्थीले शुल्क तिर्न सक्छ सक्तैन भन्ने कुरा निर्धारण गर्ने उद्देश्यका लागि, विपन्न विद्यार्थीलाई त्यो विद्यार्थीका रूपमा परिभाषित गरिएको छ जो फेडेरल गरिबी आय मार्गदर्शन अन्तर्गत निशुल्क वा न्युनशुल्क लन्चका लागि योग्य छ।

**शुल्क तालिका**

डिस्ट्रिक्टले अनुरोध गरेका खण्डमा विद्यार्थी शुल्कहरूको सम्पूर्ण सूची तयार पारेर उपलब्ध गराउनेछ जसमा प्रत्येक शुल्कको रकम कसरी निर्धारण गरिएको छ र प्रत्येक शुल्कको प्रयोजन के छ भनी खुलाइएको हुनेछ।

शुल्क तालिका बारेमा वा अन्यथा शुल्क मिनाहाका लागि आवेदन दिने विधि, शुल्कहरू स्वेच्छिक वा अनिवार्य हुन्, र विशिष्ट क्रियाकलाप जसबाट विद्यार्थीलाई शुल्क नतिरेमा बहिस्कार गरिन सक्छ-का बारेमा अभिभावकहरूलाई सूचीत गरिनेछ। शुल्क मिनाहा पाउन योग्य विद्यार्थीहरूले कुनै अनावश्यक झन्झट बिना वा उनीहरूको आवश्यकताको सार्वजानिक प्रचार बिना सो प्राप्त गर्नेछन्।

भागहरू स्वीकृत सेप्टेम्बर २, १९५८, सेप्टेम्बर ४ १९६३ डिसेम्बर २२, १९७२

अभ्याससँग सदृश हुनका लागि परिमार्जित : निर्देशिका स्वीकृति गरिएको मिति

रद्द/परिमार्जित : जुन १७, २००४

कानुनी सन्दर्भ : सि.आर.एस. २२–३२–१०९(१)(यु) (विपन्न विद्यार्थीका लागि पाठ्यपुस्तक शुल्क क्षतिरहानि बेगर जम्मा)

९ कोलोराडो संविधान खण्ड २

सि.आर.एस. २२–३२–११०(१)(ओ) (निशुल्क वा युक्तिसङ्गत भाडा सहित पाठ्यपुस्तक)

सि.आर.एस. २२–३२–११०(१)(जेजे) (पाठ्यपुस्तक र पुस्तकालय स्रोतहरू फिर्ता नगर्नेलाई प्रतिबन्ध, जरिवाना)

सि.आर.एस. २२–३२–११७ (शुल्क)

सि.आर.एस. २२–३२–११८ (ग्रीष्मकालिन (समर) विद्यालय शुल्क)

सि.आर.एस. २२–४५–१०४ (जरिवाना र शुल्कबाट संकलित रकम जम्मा)

क्रस सन्दर्भ : इएफसि, निशुल्क र न्युन शुल्क खाद्यान्न सेवाहरू

आइएचसिडि, एडभान्स कलेज प्लेसमेन्ट